अन्नपुर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

स्था: २०७३

गण्डकी प्रदेश, नेपाल।

प.सः २०७९।८०

च.न :-

मितिः २०७९।१०।२४

**आ.व.२०८०/८१ का लागी बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना !!!**

प्रत्येक नेपालि नागरिकलाई रोजगारीको हक प्रत्याभूती गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारिको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ बमोजिम आ.ब. २०८०/८१ मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारिमा संलग्न भई सार्वजनिक बिकास निर्माणको काममा योगदान गर्न ईच्छुक सामाजिक र आर्थिक अवसरबाट बञ्चित १८-५९ वर्षसम्मका वास्तविक बेरोजगार व्यक्तिहरुले मिति २०७९ फागुन महिना भरी आफु स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यलयमा बेरोजगार फाराम भरी बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागी निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ।

**निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजात तथा मापदण्डहरु :-**

१. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति र पासपोर्ट साईजको फोटो १ प्रति ।
२. निवेदन दिदाँको मितिसम्म सोहि आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनुपर्ने।
३. स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिदाको मितिसम्म सोहि आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारि वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यनतम पारिश्रमिक बराबरको आय ( चालु आर्थिक वर्षको सन्दर्भमा रु ५७,७००/-) भन्दा कम आय भएको हुनुपर्ने ।
४. निवेदकको निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको नाम, नाता , जन्ममिती , नागरिकता नं. , नागरिकता जारि गरेको मिति तथा जिल्ला ।
५. निवेदक सहित सम्पूर्ण परिवारका सदस्यहरुको शैक्षिक योग्यता, शिप , दक्षता तता रोजगारिको अवश्था स्वदेश/बिदेशमा तथा स्वरोजगारको अवश्था उल्लेख गर्नुपर्ने ।
६. निबेदकको व्यक्तिगत फोन नं. , बैंक खाता नं. , वार्षिक पारिवारिक आय , परिवार संख्या, निवेदकको पेशा तथा कृषी पेशाले कति महिनासम्म खान पुग्छ सोको यथार्थ विवरण उल्लेख भएको हुनुपर्ने ।

.........................

सुरण प्रसाद शर्मा पौडेल

प्रमुख प्रशासकिय अधिकृत

थप जानकारिको लागी रोजगार सेवा केन्द्र (९८४१९७३९७५) पोखरेबगरमा सम्पर्क गर्न सकिने छ ।